# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३२४ | बुटवल | २०८२ मंसिर १८ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday December 04, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## एनपीएलः
## लुम्बिनीले जगायो 'प्लेअफ'को आशा



बुटवल । डि आर्सी सर्टको उत्कृष्ट प्रदर्शनमा विराटनगर किंग्सलाई पराजित गर्दै लुम्बिनी लायन्स 'प्लेअफ' नजिक पुगेको छ।

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)मा बुधबार साँझ लुम्बिनीले विराटनगरलाई पाँच विकेटले पराजित गरेको हो । यो जितसँगै लुम्बिनीको ६ अंक भएको छ।

अब प्लेअफको स्थान पक्का गर्न जनकपुर बोल्टससँगको खेल जित्नुपर्नेछ। लुम्बिनी र जनकपुरको खेल शुक्रबार हुनेछ।

यो हारसँगै विराटनगरको 'प्लेअफ'को पुग्ने बाटो लम्बिएको छ । अहिलेसम्म ६ खेलमा चार जित र दुई हारसहित आठ अंक जोडेको विराटनगरलाई प्लेअफमा स्थान पक्का गर्न सुदूरपश्चिम रोयल्ससँगको खेल जित्नुपर्नेछ। विराटनगर र सुदूरपश्चिमको अन्तिम खेल शनिबार हुनेछ।

## ओलीलाई सघाउँछु : पौडेल



बुटवल। नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले ११ पार्टीको ११औं महाविधेशनमा आफू अध्यक्ष र महासचिवको उम्मेदवार नहुने बताएका छन् । साथै उनले पार्टी जीवनमा आफूले कुनै पनि जिम्मेवारीका लागि इच्छा व्यक्त नगरेको दाबी समेत गरेका छन् ।

बुधबार प्रेस चौतारी नेपालले आयोजना गरेको अन्तर्क्रियामा बोल्दै नेता पौडेलले यस्तो दाबी गरेका हुन् । एमालेको ११औं महाधिवेशनमा कुन पदमा उम्मेदवारी दिनुहुन्छ भनेर सञ्चारकर्मीले सोधेको प्रश्नमा पौडेलले भने-'मैले आफूलाई नेकपा एमालेको साधारण कार्यकर्तामात्र ठान्छु ।'

उनले एमालेका साढे ६ लाख कार्यकर्तामध्ये आफू पनि एक सदस्य भएको भन्दै आफूजस्ता हजारौं हजार कार्यकर्ता रहेकाले आफ्नो ठाउँ के हुन्छ भनेर चिन्ता नगर्ने बताए ।

'म जस्ता नेता कार्यकर्ताले मेरो पार्टीको भविष्य र स्थान के भनेर सोच्ने हो', उनले भने-'कम्तीमा हजार कार्यकर्तामा पर्छु,त्यहाँ भित्र कुनै पनि ठाउँमा काम गर्छु ।'

तपााईंको इच्छा कुन पदमा हो भनेर सोधेको प्रश्नमा पौडेलले थप भने-'मेरो ट्र्याक रेकर्ड हेर्नुभयो भने कुनै पनि जिम्मेवारीका निम्ति इच्छा व्यक्त गरेको छैन। क्रस चेक गर्न सक्नुहुन्छ।'

साथै उनले ११औं महाधिवेशनमा महासचिवको उम्मेदवार नहुने प्रस्ट बताए । 'प्रस्ट भन्छु म महासचिवको उम्मेदवार होइन, किनभने म शक्तिशाली पार्टी नेकपाको महासचिव भैसकेको व्यक्ति हुँ ।'-पौडेलको भने । साथै उनले आफूले केपी ओलीलाई सघाउने भएकाले अध्यक्षको उम्मेदवार पनि नहुने जनाए। पौडेलले सकभर सहमतिमै नेतृत्व चयन हुने आफू विश्वस्त रहेको समेत बताए।

# क्यान महानिर्देशकविरुद्ध भ्रष्टाचार मुद्दा दायर

### महानिर्देशक अधिकारीमाथि पोखरा र भैरहवा विमानस्थल निर्माणका क्रममा पनि अर्बौं आर्थिक अनियमितता गरेको आरोप छ।



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशक विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ। प्रारम्भिक रुपमा कुनै अध्ययन नगरी सुरक्षाका दृष्टिकोणले जोखिमपूर्ण ठाउँमा हेलिपोर्ट (हेलीकप्टर मात्रै उडाउने र अवतरण गर्ने ठाँउ) निर्माण गरी भ्रष्टाचार गरेको उनीहरूमाथिको आरोप हो ।

अख्तियारले मुद्दा दायर गर्नुअघि अधिकारीलाई पक्राउ गरी विशेष अदालतमा पेश गरेको थियो। विशेष अदालतले शुक्रबारसम्म हिरासतमै राख्न अधिकारीलाई अख्तियारको जिम्मा लगाएको छ।

अख्तियारले अधिकारीसहित नागरिक उड्डयन प्राधिकरणका तत्कालीन निर्देशक मुरारी भण्डारी, अहिले प्रबन्धक भइसकेका तत्कालीन उपप्रबन्धक नलविक्रम थापा, हाल उपप्रबन्धक भइसकेकी तत्कालिन वरिष्ठ अधिकृत समृद्धि श्रेष्ठविरुद्ध मुद्दा दायर गरेको हो।

अख्तियारले परामर्शदाता गुरुदत्त अधिकारी, अभियन्त्र कन्सल्टिङ प्रालि अनि उक्त कम्पनीका सञ्चालक विजय थापामाथि पनि मुद्दा चलाएको हो। सबै आरोपितहरूमाथि १३ करोड ५७ लाख ४६ हजार रुपैयाँ विगो मागदाबी छ। कन्सल्टिङ कम्पनीलाई समेत मुद्दा दायर गरेकाले आरोपितहरूको संख्या सात पुगेको हो।

अख्तियारको निर्णयसँगै प्राधिकरणका विवादास्पद महानिर्देशक प्रदीप अधिकारी निलम्बनमा परेका छन्। अख्तियारले पोखरा विमानस्थल निर्माण, सिनामंगलस्थित नागरिक उड्डयन प्राधिकरणको भवन निर्माण र गैरकानूनी सम्पत्तिआर्जनको उजुरीमाथि समेत अधिकारीमाथि अनुसन्धान गरिरहेको छ।

विगतमा जो-कोही सरकारमा आएपछि व्यवस्थापन गर्न र आफ्नो पद सुरक्षित राख्न चतुर महानिर्देशक अधिकारीले आफूविरुद्ध अख्तियार अघि बढेको थाह पाएपछि अनुसन्धान निस्तेज पार्न सक्दो प्रयास गरेका थिए।

पोखरा विमानस्थलकै मुद्दालाई प्राथमिकता दिइरहेका बेला केही अज्ञात समूहले प्रमुखकै ज्यान लिने धम्की सार्वजनिक भयो।

त्यसपछि अख्तियारले रणनीति बदल्यो, समय लाग्ने पोखरा विमानस्थलको साटो छिटो मुद्दा दायर गर्न सकिने नलिञ्चोकको मुद्दालाई प्राथमिकतामा राखेर अनुसन्धान टुंग्याएको हो।

अख्तियार स्रोतले भन्यो-'अनुसन्धानको दायरामा रहेका कतिपय बलिया आरोपितहरूकै सेरोफेरोबाट त यस्तो धम्की आएको होइन भन्ने कोणबाट समेत हेरेर मुद्दाको प्राथमिकता निर्धारण गरेको देखिन्छ।'

नागरिक उड्डयन प्राधिकरणले चार वर्षअघि भक्तपुरको नलिञ्जोकमा हेलिकप्टरहरू उडान र अवतरण गर्ने हेलिपोर्ट निर्माण गरेको थियो। त्रिभुवन विमानस्थलमा विमानहरूको चाप बढेको र पार्किङ साँघुरो भएको भन्दै प्राधिकरणले नलिञ्चोकमा हेलिपोर्ट बनाएको थियो। ठाउँ जोखिमपूर्ण रहेको र सम्भावना देखिएमा मात्रै प्रक्रिया अघि बडाउनुपर्ने' भनी तत्कालिन महानिर्देशक राजकुमार क्षेत्रले राय लेखेका थिए। त्यस्तो अवस्थामा कुनै अध्ययनविना हेलिपोर्ट निर्माण गरेर भ्रष्टाचार गरेको अख्तियारको आरोप हो।

चार वर्षअघि नलिञ्चोकका हेलिपोर्ट निर्माणको काम अघि बढाउदा निर्देशक मुरारी भण्डारी र इञ्जिनियर समृद्धि श्रेष्ठ संलग्न भएको अख्तियारको आरोप हो।

अख्तियारले आरोपपत्रमा भनेको छ-'हेलिपोर्ट जस्तो अति संवेदनशील संरचना निर्माण पूर्व अनिवार्य गर्नुपर्ने सम्भाव्यता अध्ययन, सरोकारवाला तथा विज्ञसँगको परामर्श एवं सञ्चालक समितिमा छलफल समेत नगरी नगराई बदनियत राखि उक्त कार्य गरे गराएको देखिएको।' नेपालमा हेलिपोर्ट संरचना नभएकाले त्यससम्बन्धी परामर्श दिने कम्पनीहरू नभएको अवस्थामा अन्तराष्ट्रियस्तरको बोलपत्रबाट परामर्शदाता छान्नुपर्नेमा बदनियत राखी अनुभव नभएको परामर्शदाता छनौट गरेको अख्तियारको आरोप हो।

हेलिपोर्ट बनाउने फाइल २८ चैत २०७८ मा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले स्वीकृत गरेका थिए। बजेट स्वीकृत र अनुमोदन नहुँदै खरिद थालिएको भन्दै अख्तियारले भ्रष्टाचारको आरोप लगाएको हो।

नागरिक उड्डउन प्राधिकरण ऐन, २०५३ को दफा ६ मा विमानस्थल निर्माण, विकास, विस्तार र मर्मतमा सरकारको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था भएपनि त्यसको पालना नभएको भन्दै अख्तियारले महानिर्देशक अधिकारीमाथि बदनियत राखेर काम गरेको आरोप लगाएको हो।

अख्तियारको दाबी अनुसार, हेलिपोर्टको आसपासमा स्कूलहरू थिए र वरपर अव्यवस्थित रुपमा घरहरू थिए।

हेलिपोर्ट नजिकै रुखहरू रहेको, नजिकै हाइटेन्सन लाइन रहेको, उडान र अवतरण गर्न जोखिम रहेको भनी पाइलटहरूले नै ज्ञापनपत्र बुझाएका थिए।

त्यहाँ आधारभूत सुविधा पनि नभएको अख्तियारको दाबी छ।

» *बाँकी ३ पेजमा*

# संविधानमा के-के संशोधन चाहन्छ उज्यालो नेपाल पार्टी ?



बुटवल । उज्यालो नेपाल पार्टीले संविधानलाई गतिशील दस्ताबेजको रूपमा स्वीकार गरेको छ । बुधबार घोषणापत्र सार्वजनिक गर्दै नेपालको उज्यालो भविष्यको लागि वर्तमान संविधानका केही व्यवस्थाहरू संशोधन गरिनुपर्ने जनाएको छ।

हालको व्यवस्थाबाट बलियो र स्थिर सरकार निर्माण गर्न करिब असम्भव नै भएकाले समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित रहने गरी निर्वाचन प्रणालीमा सुधार, नेपालमा संघीयताको अभ्यासलाई कायम राख्दै व्यवहारिक, परिणाममुखी र प्रभावकारी बनाउनुपर्ने प्रस्ताव गरेको छ।

देशको जनसंख्या, भूगोल, पहिचान, सामर्थ्य र आर्थिक सम्भावना समेतलाई मध्यनजर गर्दै प्रदेश र स्थानीय तहको संरचना र संख्या पुनरावलोकन, वृहत् राष्ट्रिय सहमतिको आधारमा संघीयतासँग जोडिएका विषयलाई सम्बोधन, शासकीय सुधारका सन्दर्भमा विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त भएका सुझावका आधारमा मन्त्रालयको संख्या पुनरावलोकन गरिनुपर्ने उल्लेख छ। घोषणापत्रमा भनिएको छ-'सांसद सदस्य नभएका विज्ञहरूलाई मन्त्री बनाउन सकिने व्यवस्था गरिनुपर्छ । तर परराष्ट्रमन्त्री, गृहमन्त्री, कानुनमन्त्री र रक्षा मन्त्री संघीय संसदको सदस्यबाटै चयन गरिनुपर्छ।'

प्रदेशहरूमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीसहित ५ सदस्यीय मन्त्रिमण्डल रहने व्यवस्था गरिनुपर्ने पक्षमा उभिएको छ।

घोषणा पत्रमा भनिएको छ-'प्रदेशमा सांसद रहने व्यवस्था हटाई प्रदेशसभाको काम गर्ने गरी स्थानीय तहको प्रमुख र उपप्रमुखको प्रतिनिधित्व हुने प्रदेश परिषद् बनाइनु पर्दछ। प्रदेश परिषद्ले ऐन पारित गर्ने व्यवस्था गरिनुपर्छ। प्रधानमन्त्री निर्वाचित भइसकेपछि जुनसुकै अवस्थामा पनि संसदको आधा कार्यकाल सरकार सञ्चालन गर्ने सुनिश्चितता गरिनुपर्दछ।'

एकै संसदीय निर्वाचन क्षेत्रबाट लगातार तेस्रो पटक उम्मेदवार हुन नपाइने व्यवस्था गरिनुपर्ने प्रस्ताव छ।

घोषणा पत्रमा भनिएको छ-'समानुपातिक सांसद र मनोनित सांसद १ पटकको लागि मात्र हुने व्यवस्था गरिनुपर्दछ। स्थानीय तहको चुनाव गैरदलीय आधारमा हुनुपर्छ।'

न्यायपालिकामा दलीय हस्तक्षेप नहुने गरी न्यायपरिषद्को पुनः संरचना गरिनुपर्ने प्रस्ताव छ।

**देशकै नेतृत्व गर्नुपर्छ भन्नेमा छु : घिसिङ**

ऊर्जा, जलस्रोत, शहरी एवं भौतिक मन्त्री कुलमान घिसिङले अब आफूलाई देशकै नेतृत्व गर्नुपर्छ कि भन्ने लागिरहेको बताएका छन् ।उज्यालो पार्टी नेपालको घोषणासभामा सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् ।

उनले अघिल्लो सरकारसँगको झगडाकै उपहारस्वरुप मन्त्री पद पाएको भन्दै त्यसलाई अवसरकै रुपमा बुझेको पनि बताए।

'करिब ७ ८ महिना सरकार र कुलमान घिसिङको ठूलो झगडा भयो। ४ महिना बाँकी हुँदा म बाहिरिनुपऱ्यो। मैले त्यही बेला सरकारलाई धन्यवाद दिएको थिएँ,' घिसिङले भने-'त्यसबाट मलाई मन्त्रीको रुपमा स्थापित भयो। यो पनि मलाई अवसर नै भयो।'

अब भने देशकै लिड (नेतृत्व) गर्नुपर्छ कि भन्ने आफूलाई लागेको जिकिर गरे।

'अब यहाँबाट हिँडेपछि कता जाने होला भन्नेमा अब देशकै लिड गर्नुपर्छ भन्ने लागिराछ।'- घिसिङले भनेको छ । सभामा रास्वपा छाडेकी सुमना श्रेष्ठ पनि पुगेर भाषण गरेकी थिइन्। उनले आफूलाई कहाँ हराएको भन्नेहरुलाई आफू एकता अभियानमा रहेको जवाफ दिएकी छन्।




# सम्पादकीय

## सकारात्मक सन्देश प्रवाहको पहलकदमी

लुम्बिनीमा विभिन्न देशका अर्बपतिको सहभागितामा विश्व शान्ति कार्यक्रम आयोजना हुनु सकारात्मक छ । समृद्ध भविष्यका लागि शान्ति' भन्ने मूल नारासहित विश्व शान्ति कार्यक्रम-३ आगामी डिसेम्बर १० देखि १३ सम्म हुन लागेको हो । यो कार्यक्रम बुद्ध जन्मस्थल लुम्बिनी र रामग्राममा हुनेछ ।

कार्यक्रममा १० हजारभन्दा बढी सहभागी हुने र संयुक्त राष्ट्रसंघका सांस्कृतिक दूत, विश्वका प्रतिष्ठित व्यवसायी, विद्वान, कलाकार, युवाहरू र समुदाय प्रतिनिधि सहभागी हुने आयोजकको भनाइ छ । लुम्बिनीमा अन्तर्राष्ट्रियस्तरको यो कार्यक्रम हुनु लुम्बिनी र मुलुकको पर्यटन प्रवर्धनका लागि राम्रो अवसर हो । अहिले आर्थिक मन्दीले चौतर्फी निराशा बढेको र मुलुकको पछिल्लो राजनैतिक अवस्थाले अन्तर्राष्ट्रिय क्षेत्रमा नकारात्मक छवि बनिरहेको बेला सकारात्मक छवि बनाउने अवसर हो । लुम्बिनीमा पर्यटन प्रवर्धन गर्न जति आवश्यक छ, मुलुकको छवि सुधार्नका लागि धेरै मिहिनेत गर्नुपर्नेछ। त्यो मिहिनेतका लागि लुम्बिनीमा आयोजना भएको कार्यक्रम एउटा राम्रो अवसर हो । सरकार स्वंयले पहलकदमी लिनुपर्ने कार्यक्रममा अरु कसैले लुम्बिनीमा यो कार्यक्रम आयोजना गर्नु हाम्रा लागि सुखद हो । अब सरकारले यो कार्यक्रमका लागि आवश्यक सहजीकरण गर्नुपर्छ । शान्ति सुरक्षाको वातावरण मिलाउनेदेखि अरु विभिन्न समस्या समाधानका लागि सरकारी निकायबाट कुनै कसर बाँकी राख्नुहुन्न ।

कार्यक्रममा शान्ति, जलवायु, विकास, सामाजिक न्याय तथा व्यक्तिगत कल्याणसम्बन्धी उच्चस्तरीय संवाद, सांस्कृतिक प्रस्तुति, संगीत र कलाका कार्यक्रम हुने आयोजकको भनाइ छ। यी कार्यक्रमले नेपाल र विश्वलाई जोड्ने छन् । यो कार्यक्रम तत्कालका लागि नेपालको सकारात्मक छवि बनाउन जति सघाउ पुग्छ, दीर्घकालमा अरु यस्तै कार्यक्रम गर्न लुम्बिनी रोजाईमा पर्न सक्छ । लुम्बिनी विश्वलाई जोड्ने गतिशिल पुल बन्न सक्छ। यो सम्मेलन नेपालमा ठूलो लगानी, बहुक्षेत्रीय साझेदारी र परिवर्तनकारी परियोजनाका अवसर खुल्ने अपेक्षा छ ।

# जेनजी आन्दोलनपछिको आगामी निर्वाचन



विश्वनाथ खरेल

जेनजी आन्दोलनपछिको प्रतिनिधिसभाको निर्वाचन नेपालको लागि नयाँ अध्याय हुनेछ। अबको संसद् पुरानोजस्तो रहनेछैन। यसमा नयाँ ऊर्जा, नयाँ दृष्टिकोण र पारदर्शिताको चर्को माग हुनेछ। मूलतः जेनजी आन्दोलनले जनताले आफ्ना प्रतिनिधिबाट अपेक्षा गरेको नैतिकता, योग्यता र कार्यक्षमतालाई पुनर्स्थापित गर्ने अवसर दिएको छ। यस आन्दोलनले ल्याएको परिवर्तनलाई संस्थागत गर्न निर्वाचन निर्णायक हुनेछ। नेपालले यो अवसरलाई उपयोग गरेमा स्थिर र समृद्ध राष्ट्र निर्माण हुनेछ।



नेपालको राजनीतिक इतिहासमा युवा पुस्ताको भूमिका सधैँ निर्णायक रहेको छ । यसै क्रममा वि.सं. २००७ को क्रान्तिदेखि वि.सं. २०४६ र २०६२-६३ को जनआन्दोलनसम्म युवाहरूले परिवर्तनको अगुवाइ गरेका छन् । यस्तै, २०८२ सालमा भएको जेनजी आन्दोलनले नेपालको राजनीतिक परिदृश्यलाई नयाँ मोड दिएको छ। यो आन्दोलनमा केपी शर्मा ओली नेतृत्वको सरकारविरुद्ध सुशासन, भ्रष्टाचार नियन्त्रण, असमानता घटाउने र न्यायको माग गर्दै युवावर्ग उत्रिएका थिए । भदौ २३ गते शुरु भएको यो आन्दोलनले मात्र २४ घण्टामै सरकार ढालिदियो, प्रतिनिधिसभा विघटन भयो र नयाँ प्रतिनिधिसभाको निर्वाचन आउँदो फागुन २१ गते बिहीबारको लागि घोषणा भइसकेको छ। यो अर्थमा भन्ने नै हो भने जेनजी आन्दोलनको पृष्ठभूमि, घटनाक्रम, परिणाम र त्यसपछिको प्रतिनिधिसभाको निर्वाचनबारे विस्तृत चर्चा गरिनेछ ।

जेनजी आन्दोलनलाई नेपालको आधुनिक इतिहासमा डिजिटल क्रान्तिको रूपमा चित्रण गरिएको छ। यो आन्दोलन सामाजिक सञ्जालबाट सुरु भई सडकमा फैलियो, जसमा जेन जी पुस्ता (सन् १९९७-२०१२ जन्मिएका युवा) को प्रमुख भूमिका थियो। सरकारले २६ वटा सामाजिक सञ्जाल प्लेटफर्महरू (जस्तै- फेसबुक, ट्विटर, इन्स्टाग्राम) लाई दर्ता नगरेको भन्दै प्रतिबन्ध लगाएपछि यो आन्दोलन चर्कियो । युवाहरूले डिस्कर्डजस्ता वैकल्पिक प्लेटफर्महरू प्रयोग गरी आन्दोलनलाई संगठित गरे, जसमा अनलाइन मतदानबाट नयाँ प्रधानमन्त्री छनोट गर्ने प्रस्तावसमेत राखियो । जसमा भन्ने नै हो भने भदौ २४ गते प्रधानमन्त्री ओलीले राजीनामा दिएपछि प्रतिनिधिसभा विघटन भयो । यसले गर्दा मुलुकमा नयाँ निर्वाचनको बाटो खोलिदियो । यो घटनाले नेपालमा युवाशक्तिको उदयलाई प्रमाणित गरेको छ। तर यसले ल्याएको हिंसा र अस्थिरताले प्रश्नहरू पनि उब्जाएका छन् ।

मुलुकको राजनीतिक अस्थिरता लामो समयदेखि जारी नै रहेको छ । वि.सं. २०७२ को संविधानपछि भएका दुई निर्वाचन वि.सं. २०७४ र वि.सं. २०७९ मा पनि सरकारहरू स्थिर रहन सकेनन् । वि.सं. २०७९ को निर्वाचनपछि नेकपा (एमाले), नेपाली कांग्रेस र अन्य दलहरूको गठबन्धनबाट केपी शर्मा ओली प्रधानमन्त्री बनेका थिए । तर, यो सरकार भ्रष्टाचारको चरम आरोपहरूबाट घेरिएको थियो । फलतः वि.सं. २०८२ मा मात्र १० भन्दा बढी पूर्वप्रधानमन्त्री, मन्त्री र कर्मचारीहरूविरुद्ध भ्रष्टाचारका मुद्दा दर्ता भए । यसबाहेक, आर्थिक असमानता, बेरोजगारी र युवाहरूमाथिको दमनले धेरै नै असन्तोष बढाएको थियो ।

यसको साथसाथै सरकारले सामाजिक सञ्जालहरूमाथि प्रतिबन्ध लगाउने निर्णयले झनै आगोमा घिउ थपिदियो । यो प्रतिबन्धलाई युवाहरूले अभिव्यक्ति स्वतन्त्रतामाथिको आक्रमण ठाने । यसको परिणामस्वरुप भदौ २३ गते काठमाडौंमा शुरु भएको प्रदर्शन छिट्टै देशव्यापी भयो । यसमा विभिन्न प्रकारका घुसपेठ भई प्रदर्शनकारीहरूले सुशासन, न्याय र भ्रष्टाचारविरुद्ध नारा लगाए । तर, प्रहरीले अत्यधिक बल प्रयोग गर्दा भदौ २४ गते हिंसा भड्कियो । जसमा अर्बौं अर्बको सरकारी तथा गैरसरकारीलगायत निजी घर, सवारीसाधन आदि जलेर खरानीमा परिणत भए। जसमा नागरिकहरुको कुरा गर्ने हो भने ७६ जनाको ज्यान गयो र हजारौं घाइते भए । यो घटनालाई नेपालको आधुनिक इतिहासमा पहिलोपटक भ्रष्टाचारविरुद्धको आन्दोलनमा सामूहिक हत्या भएको रूपमा चित्रण गरिएको छ।

मुलुकमा पहिलोपटक यस किसिमको आन्दोलनको नेतृत्व युवा कार्यकर्ताहरूले गरेका थिए। जसमा विद्यार्थी, कलाकार र डिजिटल एक्टिभिस्टहरू सामेल थिए। उनीहरूले जेनजी फर जस्टिसजस्ता ह्यासट्यागहरू प्रयोग गरी अन्तर्राष्ट्रिय ध्यान आकर्षित गरे । यो आन्दोलनलाई बंगलादेशको सन् २०२४ को विद्यार्थी आन्दोलनसँग तुलना गरिएको छ । त्यहाँ पनि युवाहरूले यस्तै किसिमले सरकार ढालेका थिए। तर, नेपालमा यो आन्दोलन नियन्त्रणबाहिर गएपछि अन्तरिम सरकार गठन भयो, जसको नेतृत्वमा न्यायिक छानबिन र सुधारका प्रतिबद्धताहरू गरिए । यो आन्दोलनले नेपालको राजनीतिमा नयाँ बहस छेडेको छ। वस्तुतः युवाहरूले परम्परागत दलहरूको विकल्प खोजिरहेका छन्, जसले राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ शक्तिहरूलाई बल दिएको छ। तर, आन्दोलनपछि भएको हिंसा र अराजकताले प्रश्न उब्जाएको छ- के यो परिवर्तन स्थायी हुनेछ वा फेरि अस्थिरता निम्त्याउनेछ ?

जेनजी आन्दोलनको दबाबमा प्रधानमन्त्री ओलीले भदौ २४ गते राजीनामा दिए । यो राजीनामा नेपालको इतिहासमा युवा आन्दोलनबाट भएको पहिलो सरकार परिवर्तन थियो । राजीनामासँगै प्रतिनिधिसभा विघटन भयो, जसलाई सर्वोच्च अदालतले पनि सदर गऱ्यो । नेपालको संविधानको धारा ७६ अनुसार, प्रधानमन्त्रीले विघटन सिफारिस गर्न सक्छन् । तर यो निर्णयलाई राजनीतिक षड्यन्त्रको रूपमा हेरिएको छ। विघटनपछि निर्वाचन आयोगलाई ६ महिनाभित्र निर्वाचन गराउने जिम्मेवारी दिइयो । यो विघटनले वि.सं. २०७९ को निर्वाचनबाट निर्वाचित सभालाई बिचमै समाप्त गऱ्यो । वि.सं. २०७९ को सभामा नेपाली कांग्रेसले ८९, एमालेले ७९, माओवादी केन्द्रले ३२ सिट जितेका थिए। तर, यो सभा गठबन्धन परिवर्तन र अस्थिरताबाट ग्रसित थियो । जेनजी आन्दोलनले यो अस्थिरतालाई चरमोत्कर्षमा पुऱ्यायो। सो विघटनपछि अन्तरिम सरकार गठन भयो । यो सरकारले आन्दोलनकारीहरूका मागहरू सम्बोधन गर्न छानबिन समिति गठन गऱ्यो, जसमा ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध मुद्दा दर्ता भए ।

जेनजी आन्दोलनपछिको प्रतिनिधिसभाको निर्वाचन नेपालको संविधान २०७२ अनुसार मिश्रित निर्वाचन प्रणालीमा आधारित छ । प्रतिनिधिसभामा कुल २७५ सदस्य हुन्छन्ः १६५ प्रत्यक्ष (फर्स्ट पास्ट द पोस्ट) र ११० समानुपातिक । प्रत्यक्षमा एक निर्वाचन क्षेत्रबाट एक सदस्य निर्वाचित हुन्छन्। जबकि समानुपातिकमा दलहरूले प्राप्त मतको आधारमा सिट बाँडफाँट हुन्छ । दलहरूले कम्तीमा ३ प्रतिशत मत प्राप्त गर्नुपर्छ समानुपातिक सिटका लागि।

यो निर्वाचनको मिति फागुन २१ गतेलाई तोकिएको छ, जसले गर्दा निर्वाचन आयोगलाई तयारीका लागि समयको अभाव हुनेछैन। मतदाता नामावली अद्यावधिक गर्ने कार्यबाट पनि आठ लाखभन्दा बढी मतदाता थपिइसकेको अवस्था छ। त्यसै गरी सुरक्षा व्यवस्थालाई चुस्त तथा दुरुस्त किसिमले मिलाउने कार्य जोडतोडका साथ भइरहेको छ। तसर्थ चुनावमा आइपर्ने सानातिना चुनौतीहरू पनि बिस्तारै समाधान हुने क्रममा रहेका छन् । यस निर्वाचनमा युवा मतदाताहरूको भूमिका निर्णायक हुने अपेक्षा छ । किनकि जेनजी पुस्ता कुल मतदाताको ३० प्रतिशतभन्दा बढी मताधिकार रहेको छ। निर्वाचन आयोगले अनलाइन मतदाता शिक्षा र डिजिटल अभियानलाई जोड दिएको छ। तर, यो निर्वाचनमा विवादहरू पनि छन्। ओलीले यो सुशीला कार्कीको अन्तरिम सरकारलाई अवैधानिक भन्दै विघटित सभा पुनर्स्थापना मागेका छन् । जसरी जेनजी कार्यकर्ताहरूले ओली र लेखकलाई पक्राउ गर्न अभियान चलाइरहेका छन्। यसबाहेक, निर्वाचनलाई प्रभावित गर्न सामाजिक सञ्जालहरूको भूमिका बढेको छ, जसले फेक न्यूज र प्रोपागान्डाको जोखिम बढाएको छ।

मुलुकमा रहेका निर्वाचनमा प्रमुख दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी आदि छन्। जेनजी आन्दोलनपछि दलहरूले युवा एजेन्डालाई प्राथमिकता दिएका छन् । मंसिर ९ गतेसम्म आउँदो प्रतिनिधिसभाको चुनावको लागि दल दर्ता गर्नेको संख्या ८० पुगिसकेको छ। उता मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्नेको संख्यामा पनि वृद्धि भई थप आठ लाख बढीले आफ्नो नाम दर्ता गराइसकेका छन् । त्यसरी नै विभिन्न ठूला दलहरुमा नेपाली कांग्रेसले सुशासन र भ्रष्टाचार नियन्त्रणलाई मुख्य मुद्दा बनाएको छ। आन्दोलनपछि उनीहरूले युवानेतालाई टिकट दिने प्रतिबद्धता गरेका छन् । त्यसरी नै नेकपा (एमाले) ओलीको दलले आन्दोलनलाई षड्यन्त्र भन्दै राष्ट्रियता र विकासलाई जोड दिएको छ । तर, आन्दोलनकारीहरूबाट विरोध हुँदा उनीहरूको अभियान प्रभावित छ। त्यसरी नै नेकपा (माओवादी केन्द्रले सामाजिक न्याय र असमानता घटाउने मुद्दा उठाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी र अन्य नयाँ दलहरू पनि जेनजी आन्दोलनबाट लाभान्वित हुने अपेक्षा छ। किनकि उनीहरूले सुधार र युवा प्रतिनिधित्वलाई जोड दिएका छन् ।

यसरी विभिन्न दलहरूले गठबन्धन निर्माणमा जोड दिएका छन् । तर आन्दोलनपछि युवाहरूले स्वतन्त्र उम्मेदवारहरूलाई समर्थन गर्ने सम्भावना छ। यो निर्वाचनका प्रमुख चुनौतीहरू सुरक्षा, निष्पक्षता र युवा सहभागिता हुन् । आन्दोलनपछि भएको हिंसाले सुरक्षा खतरा बढाएको छ। यसबाहेक आर्थिक संकट र जलवायु परिवर्तनजस्ता मुद्दाहरूले निर्वाचनलाई प्रभावित गर्न सक्छन् । यो सम्भावित परिणाममा गठबन्धन सरकार बन्ने सम्भावना छ, जसले सुधार ल्याउन सक्छ। यदि जेनजी प्रभाव बढ्यो भने, नयाँ संविधान संशोधन वा युवा नीतिहरू लागू हुन सक्छन् । तर, अस्थिरताले अर्थतन्त्रलाई असर पार्न सक्छ।

निष्कर्षमा भन्नुपर्दा, जेनजी आन्दोलनले नेपाली राजनीतिमा परिवर्तनको लहर ल्याएको छ। जहाँ युवा पुस्ताले आफ्नो शक्ति र एजेन्डालाई निर्णायकरूपमा प्रस्तुत गरेका छन्। जेनजी आन्दोलन पछिको प्रतिनिधि सभाको निर्वाचन आशा र अनिश्चितताको दोसाँधमा उभिएको छ । यदि निर्वाचन सम्पन्न भयो र नयाँ निर्वाचित प्रतिनिधिहरूले आन्दोलनको मर्मलाई आत्मसात् गर्दै सुशासन, भ्रष्टाचार उन्मूलन र देश विकासका एजेन्डाहरूलाई इमानदारीपूर्वक कार्यान्वयन गरे भने, यो निर्वाचन नेपालको राजनीतिक इतिहासमा एउटा सकारात्मक र युगान्तकारी मोड बन्नेछ। अन्यथा, जेनजी पुस्ता फेरि एकपटक सडकमा उत्रिन हिच्किचाउने छैनन् भन्ने सन्देश स्पष्टरूपमा प्रवाहित भएको छ।

अतः जेनजी आन्दोलनपछिको प्रतिनिधिसभाको निर्वाचन नेपालको लागि नयाँ अध्याय हुनेछ। अबको संसद् पुरानोजस्तो रहनेछैन । यसमा नयाँ ऊर्जा, नयाँ दृष्टिकोण र पारदर्शिताको चर्को माग हुनेछ। मूलतः जेनजी आन्दोलनले जनताले आफ्ना प्रतिनिधिबाट अपेक्षा गरेको नैतिकता, योग्यता र कार्यक्षमतालाई पुनर्स्थापित गर्ने अवसर दिएको छ । यस आन्दोलनले ल्याएको परिवर्तनलाई संस्थागत गर्न निर्वाचन निर्णायक हुनेछ। नेपालले यो अवसरलाई उपयोग गरेमा स्थिर र समृद्ध राष्ट्र निर्माण हुनेछ।

समाचार पत्रबाट

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक १३ दशमलव ५२ अङ्कले घटेर दुई हजार ६३१ दशमलव १७ को बिन्दुमा कायम भएको हो । ३३२ कम्पनीको एक करोड आठ लाख ७३ हजार ३७२ कित्ता शेयर ६७ हजार ४८५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २३ करोड ५६ लाख ९९ हजार ३३७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा वित्त समूह एक दशमलव ५९, होटल तथा पर्यटन शून्य दशमलव ५२, उत्पादन तथा प्रशोधन शून्य दशमलव २४ र म्युचुअल फण्ड उपसमूह शून्य दशमलव ४४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ७५, विकास बैंक शून्य दशमलव ५७, जलविद्युत् शून्य दशमलव ५०, लगानी शून्य दशमलव ५१, जीवन बिमा एक दशमलव १८, लघुवित्त शून्य दशमलव ४८, निर्जीवन बिमा शून्य दशमलव ७४, व्यापार शून्य दशमलव ३२ र अन्य समूह शून्य दशमलव ५१ प्रतिशतले घटेको छ ।

सागर डिस्टिलरी लिमिटेड, मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड, झापा इनर्जी लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडलगायत कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सामलिङ पावर कम्पनी लिमिटेडको शेयर मूल्य दुई दशमलव ८५ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडको रु १८ करोड ४९ लाख ७६ हजार ७६९ बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने ङादी ग्रुप पावर लिमिटेडको तीन लाख ६४ हजार ४०६ कित्ता किनबेच भएको छ ।

# उधौली र योमरी पुन्हीको सांस्कृतिक महत्व



नेपाल संवत् अनुसार हरेक मंसिर शुक्ल पूर्णिमाका दिन उधौली पर्व र योमरी पुन्ही (ज्यापु दिवस) मनाइने गरिन्छ। यस वर्षको पर्व आज परेको छ। विशेषगरी किराँत समुदायले उधौली पर्व र नेवार समुदायले योमरी पुन्ही धुमधामसँग मनाउँछन् ।

किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आफ्नो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनको रुपमा उधौली पर्वलाई लिने गर्दछन् ।

बाली लगाउने बेलामा भने किराँत जातिमा उभौली अर्थात् यावा पर्व मनाइने चलन छ । किराँतहरुको महान चाड साकेलाको दुईवटा पर्विय पक्षहरु उगौली र उधौली हुन् । उँगो भन्नाले ठेट नेपाली शब्दमा माथि भन्ने र उँधो भन्नाले तल बुझाउँदछ।

ठेट नेपाली गीत अनि शब्दावलीहरुमा उँगो र उँधो शब्दको पर्याप्त प्रयोग भएको पाइन्छ। तल माथि या प्रगति अनि दुर्गीतिलगायत सुरु या अन्त्य जनाउन उँगो र उँधो शब्दको प्रयोग भएको पाइन्छ।

किराँती मान्यता अनुसार हिउँद सुरु भएलगत्तै लेकबाट वस्तुभाउ अनि चराचुरुङ्गी लेकबाट बेसीतिर बसाई सर्ने समय भएको संकेतका रुपमा यस पर्वलाई लिइन्छ । साथै अन्नबाली भित्र्याइएको खुशीयालीमा पनि यो पर्व मनाइन्छ।

यस्तै नयाँ धान भित्र्याएको खुशीयालीमा नेवार समुदायले योमरी पुन्ही मनाउने गर्दछन् । यो नेवार समुदायको प्रचलित खाना योमरीसँग जोडिएको छ। योमरीको शाब्दिक अर्थ प्यारो रोटी हो । यःको अर्थ प्यारो र राम्रो तथा मरी भनेको रोटी भन्ने हुन्छ। योमरी सबैलाई मन पर्ने भएकाले यसको नाम योमरी राखिएको हो। योमरी दिन र रातसँग पनि जोडिएको पाइन्छ।

बाहिरको चामलको सेतो र भित्रको कालो भागलाई उज्यालो र अँध्यारोको प्रतीकसमेत मानिन्छ । योमरी एक मात्र यस्तो खानेकुरा हो, जसलाई सम्पूर्ण नेवार समुदायका मानिसले एकै ठाउँमा बसेर खान्छन्। योमरी पुन्हीको दिन सबै जातका मानिस एकै ठाउँमा बसेर भोजन गर्छन्। त्यो दिन जाति र समुदायबिचमा कुनै भेदभाव गरिँदैन । योमरी सित्तैमा खाइँदैन।

सबैले पैसा तिरेर खाने भएकाले त्यसबाट उठेको अधिकांश रकम समाजसेवामा खर्च गर्नुपर्ने मान्यता रहेको छ । नेपाली मौलिक संस्कृतिसँग जोडिएका यि पर्वहरुको आ-आफ्नै सांस्कृतिक महत्व रहेको छ। यसर्थ यि पर्वहरुले नेपालका सबै धर्मावलम्बी, जातजाति, भाषाभाषी जो जहाँ रहेको भए पनि एकताबद्ध भई आपसी सद्भाव तथा भातृत्व अभिवृद्धि गरी देशमा शान्ति र सु-व्यवस्था स्थापना गर्नका लागि प्रेरित गर्न सकोस् सबैमा शुभकामना ।

# मौलिक खाना प्रवर्धन गर्न सडक महोत्सव



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाको प्रमुख व्यापारिक केन्द्र वालिङमा प्रथम वालिङ सडक खाना महोत्सव सुरु भएको छ। वालिङ खेलमैदानदेखि सुर्कौंदी पुलसम्म १९ गतेसम्म सञ्चालन हुने तीन दिने प्रथम वालिङ सडक खाना महोत्सवको वालिङ नगरपालिकाले आयोजना गरेको हो। मौलिक खानालाई प्रवर्धन गर्दै बजारसम्म पुर्‍याउन आयोजना गरिएको सडक महोत्सवको 'हाम्रो नगरमा हाम्रै खाना, स्थानीय वृद्धि हाम्रो चाहाना' मुल नारा रहेको छ।

सडक खाना महोत्सवले स्थानीय खानाको संरक्षण तथा दस्ताबेजीकरण, विभिन्न जातजातिको सांस्कृतिक विविधताको प्रचारप्रसार हुने अपेक्षा गरिएको छ।

सडक खाना महोत्सव मार्फत पर्यटन नगरको ब्रान्डिङ, स्थानीय उत्पादनको बजार विस्तार, सामुदायिक एकता सद्भाव र पहिचान प्रवर्धन गर्ने उद्देश्यले आयोजना गरिएको महोत्सवमा २५ वटा स्टल रहेका छन्। महोत्सवमा गुरुङ, मगर, नेवार, बाहुन, क्षेत्रीलगायतका जातजातिहरुको मौलिक परिकारको प्रदर्शनी तथा बिक्री, जातीय तथा परम्परागत नृत्य, भेषभूषा, लोक संगीत, जातीय रितिरीवाज तथा जीवनशैली एकै थलोमा हेर्न सकिनेछ। आँधीखोले सभ्यता, स्थानीय इतिहास र समग्र नगरको सांस्कृतिक पहिचानलाई समेटेर आयोजना गरिएको महोत्सवमा स्थानीय चुलोचौकाको स्वाद, पुर्ख्यौली परिकारदेखि आधुनिक परिकारसम्मको स्वाद लिन पाइनेछ आयोजकले जनाएको छ। महोत्सव सम्पन्न गर्न नगरपालिकाले ६ लाख रकम विनियोजन गरिएको वालिङ नगरपालिकाका प्रमुख कृष्ण खाँणले जानकारी दिए।

महोत्सवमा स्थानीय कृषिलाई निःशुल्क स्टलको व्यवस्था गरिएको छ। स्थानीय किसानहरुले उत्पादन गरेका फलफूल, तरकारी, बिउबिजन तथा कृषि प्रविधि एवं नवीन उद्यमहरुको प्रर्दशनी र प्रवर्धन गरिनेछ। राष्ट्रिय ख्यातीप्राप्त कलाकारहरुको प्रस्तुतिदेखि नगरभित्रका प्रतिभा प्रस्फुटन समेत गरिने व्यवस्था मिलाइएको छ।

प्रथम सडक खाना महोत्सवले स्थानीय तथा मौलिक खानाको प्रवर्धन गर्दै पर्यटन आवागमनको विकासका लागि टेवा पुर्‍याउने महोत्सवको उद्घाटन गर्दै जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख श्रीप्रसाद जिटीले बताए।

महोत्सवले स्थानीय होटलहरुको प्रवर्धन गर्दै मौलिक खानालाई बजारसम्म ल्याउन सहयोगी बन्नेमा विश्वास गरेको बताउँदै प्रमुख जिटीले स्थानीय कलाकार र परिकार तथा उत्पादनलाई महोत्सवमा विषेश प्राथमिकता दिएकोमा खुसी व्यक्त गरे।

# गौ पालनको लागि धान्याञ्चल महायज्ञ सञ्चालन




पाल्पा। रुरु गौ सेवा आश्रम तानसेन १४ कुसेनी रुरु क्षेत्र धाम रिडीमा एक हप्ते भविष्य पुराण धान्याञ्चल महायज्ञ सञ्चालन हुने भएको छ। यही मंसिर १९ गतेदेखि २५ गतेसम्म धान्याञ्चल महायज्ञ हुन लागेको हो। रुरु गौ सेवा आश्रममा रहेका १ सय ३५ वटा स्थानीय गाईहरुको पालन, पोषण, हेरचाहको लागि वार्षिक रुपमा खर्च जुटाउनको लागि महायज्ञ सञ्चालन हुन लागेको हो।

रुरु गौ सेवा आश्रमकले विगत ५ वर्षदेखि निरन्तर गौ पालन गर्दै आएको छ। रुरु धाम रिडी क्षेत्रमा छाडा छोडिएका करिव २ सय गाईहरुको व्यवस्थापन गरी गौ पालन सेवा शुरु गरेको हो। योगाचार्य महिला वाचिका सरितानन्दी माताजी प्रमुख वाचक रहेको महायज्ञमा प्रथम महिला जगदगुरु शंकराचार्य माता हेमानन्द गिरीजी महाराजको विशेष सहभागिता रहनेछ। महायज्ञमा भक्तजनहरुले गाई पालन पोषणको लागि आवश्यक पर्ने, घाँस, पराल, दाना, धान, मकै तथा नगद दान गर्न सक्नेछन्। एक गाईको पालन पोषणको लागि मासिक खर्च २ हजार १ सय रुपैयाँ लाग्ने भएकोले सोहीअनुसारको दान गरी पून्य कमाउन यज्ञ मूल आयोजक समितिले सबैमा अनुरोध गरेको छ।

महायज्ञमा दैनिक भजन प्रतियोगिता, दीपोत्सव, करोडौं दीप प्रज्ज्वलन, दैनिक निःशुल्क भण्डारा गौ, महाआरती टाढाबाट आउने भक्तजनहरुलाई खान बस्ने सुविधा रहेको सेवा आश्रमका मुल संरक्षक शंकर गिरीले बताए। महायज्ञ मुल आयोजक समितिले भजन प्रतियोगितामा प्रथम हुनेलाई २५ हजार, द्वितीय हुनेलाई १५ हजार, तृतीय हुनेलाई १० हजार र सान्त्वना हुनेलाई ५ हजारको पुरस्कार समेत व्यवस्था गरेको छ।

हिन्दु धर्मावलम्बीहरुको लागि जन्मदेखि मृत्यु सम्म गाईको आवश्यकता पर्ने भएकोले, विभिन्न परिस्थीतीको कारण हेला भएका गाईहरुको संरक्षण गरी, गाईको बारेमा जनचेतना जगाउने, गाईको दूध, दही, मही, घिउको महत्व बारे प्रचार गर्ने, गोवर तथा गौमुत्रको प्रयोगबारे जनचेतना जगाउने आश्रम सक्रिय भएर लागेको आश्रमकी अध्यक्ष राजु राणा मल्लले बताइन।

गौ सेवा आश्रम संचालन भएदेखि नै पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जाका विभिन्न क्षेत्रमा छाडा छोडिएका गाई गोरुको व्यवस्थापन तथा पालन पोषणले विगतका वर्षहरुका अर्गली क्षेत्रमा कृषकहरुले रातदिन खेतीपाती कुरेर बस्नु पर्ने बाध्यता हटेको आश्रमकी उपाध्यक्ष सीता ज्ञवालीले बताइन्। सबै जना पवित्र चार धाम क्षेत्रमा संचालन भएको महायज्ञ आएर कम्तीमा पनि एउटा गाईको मासिक खर्च २१ सय रुपैयाँ दान गरेर पून्य कमाउन उपाध्यक्ष ज्ञवालीले जोड दिइन्। पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले गौ सेवा आश्रमलाई संचालनको लागि प्रचार प्रसारमा पत्रकारहरुको पूर्ण सहयोग रहने प्रतिबद्धता जनाए।

गौ पालनको लागि वार्षिक ४० देखि ५० लाख खर्च रहेकोले महायज्ञबाट खर्च कटाएर कम्तीमा पनि २० देखी ३० लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य रहेको आश्रमका मुल संरक्षक गिरीले बताए। गाई पालनकै लागि वार्षिक रुपमा महायज्ञ सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उनले बताए।

आश्रममा रहेका लैनो गाई रु ५ हजारमा जुनसुकै बेला पनि किन्न पाउने र दूध दिन छोडेपछि पुन आश्रममा ल्याएर बुझाउन पाउने व्यवस्था रहेको मुल संरक्षक गिरीले बताए। आश्रममा प्रन्धदेखि बीस वटा गाई दुहुना हुने गरेका छन्। महायज्ञको लागि तयारी अन्तिम चरणमा पुगेको आयोजक पक्षले जनाएको छ।

# गुल्मीमा यस वर्ष २० करोड ६७ लाखको सुन्तला उत्पादन

गुल्मी। जिल्लामा यस वर्ष रु २० करोडभन्दा बढीको सुन्तला उत्पादन भएको छ। गत वर्षको तुलनामा यस पटक जिल्लामा सुन्तलाको उत्पादन घटेको हो।

गत वर्ष रु २४ करोड ५० लाखभन्दा बढीको सुन्तला उत्पादन भएकोमा यस पटक उत्पादन ३२ प्रतिशतले घटेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपाने जानकारी दिए। जिल्लामा यस वर्ष रु २० करोड ६७ लाख ८४ हजारको सुन्तला उत्पादन भएको सूचना अधिकारी न्यौपानेले बताए। सुन्तलाखेतीबाट मनग्य आम्दानी गर्दै आएका यहाँका कृषकले यस पटक अपेक्षा गरेअनुसार सुन्तला उत्पादन नभएको बताएका छन्। सुन्तलाखेतीबाट यहाँका कतिपय कृषकले वार्षिक रु पाँच लाखभन्दा बढीको सुन्तला बिक्री गर्दै आइरहेका छन्।

जिल्लामा उत्पादित सुन्तलामध्ये यस पटक रु दश करोड मूल्य बराबरको सुन्तला मात्र जिल्ला बाहिर निर्यात हुने कार्यालयले जनाएको छ। गुल्मीबाट गत वर्ष रु १३ करोड बराबरको सुन्तला जिल्ला बाहिर निर्यात भएको थियो।

सुन्तलाको उत्पादन घट्नुमा बेमौसमी वर्षा, कृषकहरुले बगैंचा व्यवस्थापनमा ध्यान नदिनु, सानैमा फल झर्ने समस्या, रोग/किराको प्रकोप बढ्नु, सुन्तलालाई उचित मलखाद तथा सिँचाइ नहुनु, समयमा सुन्तलाको बोट काँटछाट नगर्नु जस्ता मुख्य कारण रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिए।

यहाँका कृषकहरुले परम्परागत रुपमा सुन्तलाखेती गर्दै आएका छन्। परम्परागत खेतीका कारण समय समयमा सुन्तलाका फैंद र जरा कुहिने समस्याका कारण सुन्तलाको उत्पादनमा कमी आउँदै जान थालेको धुर्कोट गाउँपालिकाका-२ पिपलधाराका कृषक शिवलाल खनालले बताए। सुन्तला बगैंचामा समयमै मलखादको व्यवस्थापन र सूक्ष्म तत्वको प्रयोग गर्नेहो भने उत्पादनमा वृद्धि हुने उनको भनाइ छ।

जिल्लामा अधिकांश कृषकहरुले सुन्तला बगैंचामा बिजु बिरुवाहरु रहेका छन्। यहाँका सुन्तला बगैंचाहरुमा ९५ प्रतिशतभन्दा धेरै बिजु विरुवाका बोट छन्। कलमी बोटहरुले भन्दा बिजु बिरुवाले लामो समयसम्म फलदिने भएका कारण यहाँका कृषकले बिजु बिरुवाको प्रयोग गर्दै आएका छन्।

जिल्लामा सुन्तलाको कूल ८८५ हेक्टर क्षेत्रफलमध्ये हाल ६१५ हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन हुने गर्दछ। व्यावसायिक रुपमा भने सुन्तलाखेती गर्ने कृषकको संख्या त्यति धेरै छैन। जिल्लाका ९३ वडामध्ये ३६ वडामा सुन्तला जातका फलफूल जोन कार्यक्रम लागू भएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कृषि इन्जिनियर विष्णुप्रसाद पोखेलले बताए। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममार्फत जिल्लाको मदाने गाउँपालिकाको पुर्कोटदह, धुर्कोट गाउँपालिकाको पिपलधारा तथा सत्यवतीको लिम्घा र रेसुङ्गाको अर्खलेलगायतका ठाउँमा चक्लाबन्दी गरी व्यावसायिक सुन्तलाखेती सुरु गरिएको छ।

गुल्मीको सुन्तला निकै रसिलो र स्वादिलो हुनेभएका कारण बजारमा यहाँको सुन्तलाको राम्रो माग हुँदै आएको छ। सुन्तला खरिद गर्नका लागि बुटवल, पाल्पा, अर्घाखाँचीलगायतका जिल्लाबाट व्यापारी घरमै पुगेर सुन्तलाको बगैंचा खरिद गर्ने गर्दछन्। अहिले बजारमा गुल्मीको सुन्तलाको थोक मूल्य रु ४० देखि खुद्रा मूल्य रु १०० सम्म रहेको छ।

सुन्तलाजात फलफूलको दिगो विकासका लागि कृषि ज्ञान केन्द्रले पनि सुन्तलाका विभिन्न जात पहिचान गरी तिनको व्यवसायीकरण गर्न सुरु गरेको छ। कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रममार्फत सुन्तलाको उत्पादकत्व वृद्धिका लागि बगैंचा व्यवस्थापनमा जोड दिएको छ।

सुन्तलाको बगैंचा सुधारका साथै मलखादको व्यवस्थापन, सिँचाइ र बोट काँटछाँटलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका प्रमुख रमेश जैसवालले बताए।

जिल्लामा धुर्कोट गाउँपालिकाको नयागाउँ, पिपलधारा, छत्रकोटको लुम्छा, श्रृङ्गा, रेसुङ्गा नगरपालिकाको भाडगाँउ, रुरुक्षेत्रको मुसिडाँडा, चौतारा, मुसिकोट नगरपालिकाको अर्लाङ्कोट, गुल्मीदरबारको गौडाकोट, कालीगण्डकीको अर्बेनी, जयखानी चन्द्रकोटको रेमी, सत्यवती र मदानेको भनभने सुन्तलाको मुख्य पकेट क्षेत्रको रुपमा रहेका छन्।

# प्रशासन कार्यालय सञ्चालनमा आएपछि ८३४ सेवाग्राहीले राहदानी पाए

नेपालगञ्ज। जेनजी प्रदर्शनपछि अवरुद्ध बनेको जिल्ला प्रशासन कार्यालयको सेवा सञ्चालनमा आएपछि ८३४ सेवाग्राहीले राहदानी प्राप्त गरेका छन्। गत भदौ २३ र २४ गते जेनजी प्रदर्शनका क्रममा कार्यालयमा आगजनी भएपछि अवरुद्ध बनेको सेवा सञ्चालनमा आएसँगै ८३४ जनाले राहदानी प्राप्त गरेका हुन्।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी महेशकुमार गुरुङले पहिलेको तुलनामा पछिल्लो समय राहदानी लिनेको संख्या न्यून रहेको बताए। जेनजी प्रदर्शनपछि साघुँरो कार्यालयबाट सेवा दिइरहेको यस कार्यालयमा पहिले जस्तो राहदानी बनाउने सेवाग्राहीको घुइँचो नभएको उनले उल्लेख गरे। "कार्यालयमा अहिले सेवाग्राहीको भीडभाड छैन, सामान्य रूपले सेवा लिइरहनुभएको छ।"-सूचना अधिकारीसमेत रहनुभएका गुरुङले भने।

गत भदौ २४ गते जेनजीको प्रदर्शनका क्रममा कार्यालयमा आगजनी, तोडफोड र लुटपाट भएको थियो। बाँकेमा करिब एक महिना राहदानीको काम बन्द भएको थियो। सोही कारण सेवाग्राही मर्कामा परेका थिए। अहिले वैदेशिक रोजगार, अध्ययन, घुमफिर तथा पारिवारिक भेटघाटका लागि राहदानी लिनेहरू मात्र रहेका जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा ८३४ राहदानीको सिफारिस हुँदा आव २०८१/८२ को सोही अवधिमा एक हजार ८०१ र आव २०८०/८१ को पहिलो तीन महिनामा दुई हजार ८५० सेवाग्राहीले राहदानी लिएका सहायक प्रमुख जिल्ला अधिकारी गुरुङले बताए। उनका अनुसार यससँगै चालु आवको तीन महिनामा रु ७६ लाख १५ हजार राजस्व असुली भएको छ।

जिल्ला प्रशासन कार्यालयले आव २०८०/८१ को तीन महिनामा रु एक करोड ४६ लाख १० र आव २०८१/८२ को तीन महिनामा रु एक करोड ३७ लाख ७० हजार राजस्व असुली भएको जानकारी दिएको छ।

यसैबिच, कार्यालयले यहाँबाट प्रवाह हुने सेवाका बारेमा जानकारीसहित सहज सुविधाका लागि क्युआर प्रणाली सुरु गरेको छ।

जिल्लामा बसाइँसराइका आधारमा स्थायी ठेगाना संशोधन गरी नागरिकताको प्रतिलिपिका लागि निवेदन दिन, हातहतियारको इजाजत नविकरण गर्न, भारतीय पेन्सनको प्रमाणित सिफारिसको निवेदन लिन, शैक्षिक प्रमाणपत्रको विवरण संशोधनका लागि निवेदन दिनलगायत कामका लागि क्युआर प्रणाली सुरु गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

क्यान...

इन्धन भर्ने, सुरक्षा व्यवस्थापन, उपकरण लगागतका सुविधा नभएको अवस्थामा हचुवाको भरमा हेलिपोर्ट निर्माण भएको अख्तियारको दाबी हो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको १५ किलोमिटर पूर्वमा रहेको उक्त हेलिपोर्टमा यात्रुहरू बस्ने र रहने पूर्वाधार बनेको थिएन। टर्मिनल भवन, मर्मत कार्यालय, क्रु रहने क्षेत्रलगायतको अभाव रहेको भन्दै अख्तियारले आरोपपत्रमा भनेको छ-'नलिन्चोक हेलिपोर्टबाट व्यवसायिक उडान सञ्चालनका लागि अहिलेको नै अवस्थामा सञ्चालनमा आउन नसक्ने भनी प्रतिवेदनमा उल्लेख गरेको देखिएको छ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महानिर्देशक अधिकारी, निर्देशक पदमा कार्यरत मुरारी भण्डारी, उपप्रबन्धक समृद्धि श्रेष्ठ, प्रबन्धक नलविक्रम थापा, विजय थापा गुरुदत्त अधिकारी र एक इञ्जिनियरिङ कम्पनीविरुद्ध मुद्दा दायर भएको हो।

भक्तपुरको नलिन्चोक हेलिकप्टर प्रकरणको भ्रष्टाचार मुद्दा दायर भएको हो। अधिकारी विदेश यात्रामा जाने तयारीमा रहेका थिए। अब शुक्रबार मात्रै उनीहरूको बयान र थुनछेक बहस हुनेछ।

महानिर्देशक अधिकारीमाथि पोखरा र भैरहवा विमानस्थल निर्माणका क्रममा पनि अर्बौं आर्थिक अनियमितता गरेको आरोप छ।


## माइग्रेसन हराएको सूचना

मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट यहि मिति २०८२ / ०७ / १० गते बुटवल देखि सुनवलसम्म जाँदै गर्दा हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नं. खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम** : भगवती इटानी
**रजिष्ट्र नं.** : ८०३३५००४००३३
**माइग्रेसन नं.** : ११६३६६८
**वर्ष** : २०८१/०६/०१ (Sep. 17, 2024)
**School Name** : International College, Khaireni Chitwan
**ठेगाना** : सुनवल, नवलपरासी



## कावासोती नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल
२०७३

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति २०८२/०८/१८

यस कार्यालयबाट दोस्रो पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोलअंक(मु.अ.क. समेत) | कैफियत |
|---|---|---|---|---|
| 01/KM/SQ/WORKS/2082/83 | Govinda Sapkotako Ghar Dekhi Dakshin Shanti Tol Jodne Batoma Interlocking Block | ब्राईट कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सुर्यविनायक-०५ भक्तपुर | ८,२९,६६२.४५ | |

**प्रमुख प्रशासकीय अधिकृत**



## भिजन लुम्बिनी लिमिटेडको दशौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८२।०८।१७**

**आदरणीय शेयरधनि महानुभावहरु,**

यस कम्पनीको मिति २०८२ मंसिर १५ गते सोमबार विहान ७:३० बजे भर्चूअल (जुममार्फत) बसेको सञ्चालक समितिको १०८ औं बैठकको निर्णय अनुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबै शेयरधनि महानुभावहरुकोजानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएकोछ।

**सभा हुने मिति, समय र स्थानः**
मितिः २०८२ साल पौष १९ गते शनिबार
समयः बिहान ८:०० बजेदेखि
स्थानः दियालो फूडल्याण्ड, बुटवल ९, कालिकानगर

**वार्षिक साधारणसभाका छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावः**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत हुने यस कम्पनीको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा,
२) यस कम्पनीको मिति २०८२ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक बर्ष २०८१/०८२ कोनाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण, शेयर पूजीमा भएको परिवर्तन, लेखानिति तथा टिप्पणीहरु एवम् सम्वद्ध अनुसुचीहरु तथा सो उपरकोलेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
३) यस कम्पनीको आर्थिक वर्ष २०८२/८३ को कारोवारको लेखापरिक्षण गर्नका लागि लेखा परीक्षककोनियुक्त गर्ने तथा निजको पारीश्रमिक तोक्ने सम्बन्धमा,

**ख) विशेष प्रस्तावः**
१) कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत लाभांश (कर बाहेक) लेहुन आउने लाभाशं अर्थात् वोनस शेयर वितरण गर्ने सम्बन्धमा,
२) आवश्यक प्रकृयाहरु पुरा गरी कम्पनीको जारी पुँजीको २० प्रतिशत शेयर सर्वसाधारणका लागि शेयरको प्राथमिक सार्वजनिक निस्काशन ९क्षएइ।० जारी गर्ने सम्बन्धमा,
३) कम्पनीको वोनस शेयर जारी गर्दा तथा सर्व साधारणका लागि शेयरको निस्कासन गर्दा आवश्यक पर्ने शेयर संरचना परिवर्तन, पूजी वृद्धि तथा सन्चालकको प्रतिनिधित्व लगायतका विषयमा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीका सम्वन्धित दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने सम्बन्धमा,
४) विभिन्न जलविद्युत आयोजनाहरुकोविकास गर्ने, प्रवर्द्धन गर्ने, त्यस्ता परियोजनाहरुमा लगानी गर्ने लगायत्अन्य उपयुक्त उध्यम तथा व्यवसायहरुमा लगानी गर्ने एवम्गरिएका लगानीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा सन्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा,
५) उपरोक्त विशेष प्रस्तावहरुको कार्यान्वयनका सम्वन्धमा सम्वन्धित नियामक निकायहरुवाट प्राप्त हुनेथपघट गर्ने, शंशोधन गर्ने लगायतका निर्देशनहरुको कार्यान्वयन गर्नका लागि सन्चालक समितिलाइ आवश्यक अख्तियारी प्रदान गर्नेसम्बन्धमा,

**ग) विविध**
धन्यवाद।

**अध्यक्षको आज्ञाले**
**कम्पनी सचिव**



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्लू रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**चौपारीको रङरोगन गरिँदै :**
बुटवल उप-महानगरपालिका वडा नं. ११ पवित्रनगरस्थित स्वर्गीय माता मानकुमारी श्रेष्ठको सम्झनामा छोरा राजकुमार, ओमप्रकाश, विशाल र छोरी ललिता श्रेष्ठद्वारा निर्मित बर, पिपल र स्वामी चौपारीमा रङरोगन गरिँदै । तस्विरः डीबी टण्डन (विजय) ।

# बुटवलमा नवौं जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगिता हुँदै



बुटवल । नेपाल बिलियर्ड्स पुल तथा स्नूकर संघ रुपन्देहीको आयोजनामा बुटवलमा नवौं जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगिता हुने भएको छ । संघको हालै सम्पन्न कार्यसमिति बैठकले पुस १४ देखि अमरपथ सिंह कम्प्लेक्सस्थित खस्यौली स्नूकर क्लबमा प्रतियोगिता गर्ने निर्णय गरेको हो ।

प्रतियोगिता सम्पन्न गर्न विभिन्न ६ वटा उपसमितिहरु गठन गरिएको अध्यक्ष सुजन पुनले जानकारी दिए । जसअनुसार खेल उपसमिति संयोजकमा विजय गुरुङ तथा सदस्यहरुमा समुन्द्र अमात्य र लक्ष्मण आले, आर्थिक उपसमिति संयोजकमा संघका महासचिव प्रकाश क्षेत्री तथा सदस्यहरुमा प्रदीप विक र बिर्जु केसी, प्रचार प्रसार उप-समिति संयोजकमा प्रेस सल्लाहकार टिआर शर्मा तथा सदस्यहरुमा सुशान्त पाण्डे र मिन गाहा भएका छन् ।

यस्तै अतिथि सत्कार तथा खाजा व्यवस्थापन उप-समिति संयोजकमा पुरन राना तथा सदस्यहरुमा रबिन श्रेष्ठ र सुरज पुन चयन भएका छन् भने प्राविधिक उप-समिति संयोजकमा विराट भट्टचन तथा सदस्यहरुमा रमेश मल्ल र सागर गाहा मगर रहेका छन् । प्रतियोगिताको तयारीबारे बुधबार बसेको संघको बैठकमा बोल्दै प्रमुख सल्लाहकार सञ्जयरत्न बज्राचार्यले प्रतियोगितामा खेलाडीहरुलाई नियम र अनुशासन पालन गरेर स्वच्छ खेल खेलाउन सुझाव दिए ।

अध्यक्ष सुजन पुनले यस वर्षको प्रतियोगिता विगतभन्दा व्यवस्थित र भव्य बनाइने भन्दै प्रतियोगितालाई बुटवल उप-महानगरपालिकाले मुख्य सहयोग गरेको उल्लेख गरे । साथै अरु संस्थागत र व्यक्तिगत सहयोगमा प्रतियोगिता सफल बनाउने उनले जनाए । संघले नियमितरुपमा हरेक वर्ष प्रतियोगितालाई निरन्तरता दिएर स्नुकर खेल लाई थप उचाइमा पुराएको महासचिव प्रकाश क्षेत्रीले जानकारी दिए ।

### अन्तरविद्यालय टी-२० क्रिकेटः

# लुम्बिनी शिक्षा निकेतन र सिद्धार्थ मेमोरियल विजयी




भैरहवा । लुम्बिनी शिक्षा निकेतन र सिद्धार्थ मेमोरियल भैरहवामा जारी स्वर्गीय शेरबहादुर सेञ्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत बुधबार भएका खेलमा विजयी भएका छन् । लुम्बिनी शिक्षा निकेतनले नयाँगाउँ सेकेन्डरी स्कूललाई ६४ रनले पराजित गर्दै जित निकालेको हो । यस्तै सिद्धार्थ मेमोरियलले अक्सफोर्ड स्कूललाई २ विकेटले पराजित गरेको छ ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी शिक्षा निकेतनले ७ विकेट गुमाएर १ सय ६४ रनको बलियो योगफल बनायो । उसका लागि मोहमद आसिफ खानले ६५ रनको अर्धशतकीय पारी खेले । यस्तै, अलिउद्दिन खानले १४ र मोहमद अजाद खानले ११ रनको योगदान गरे । बलिङमा नयाँगाउँका केशब खनालले ३ तथा सागर भट्टराई र विपिन कुँवरले १-१ विकेट लिए ।

नयाँगाउँले ८ विकेट गुमाएर एक सय रन मात्रै बनायो र हार व्यहोर्यो । उसका लागि योगेश पोखरेलले २१, विपिन कुँवरले १६, विप्सन विकले १३ र अमृत रानाले ११ रन बनाए । बलिङमा लुम्बिनी शिक्षा निकेतनका सफिउल्लाह खानले २ तथा मोहमद आसिफ खान, तौफिक अहमद, अफताब आलम, बासुदेव यादव र जावेद खानले समान १-१ विकेट हात पारे । मोहमद आसिफ खान प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे ।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको अक्सफोर्डले सबै विकेट गुमाउँदै ८८ रनको सामान्य लक्ष्य प्रस्तुत गर्यो । उसका लागि आकाशकुमार सिंहले सर्वाधिक २६ रन बनाए । बलिङमा सिद्धार्थका अनुज भुसाल र शिसान पन्थीले ३-३ तथा आकाश आचार्यले २ विकेट हात पारे ।

जवाफी ब्याटिङ गरेको सिद्धार्थ मेमोरियलले १४ ओभरमा ८ विकेटको नोक्सानीमा ९१ रन बनाउँदै जित निकाल्यो । उसको जितमा सुशान्त शाहीले १७ र दीपेश पुनले ११ रनको योगदान गरे । बलिङमा अक्सफोर्डका स्पर्श आचार्यले ३ र सार्थक न्यौपानेले २ विकेट लिए । सिशान पन्थी प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देहीका ३० वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन् । प्रतियोगिता पुस १ गतेसम्म चल्ने छ । प्रतियोगितालाई पर्वत ज्वेलर्स भैरहवाले प्रायोजन गरेको छ ।

# स्वर्णबिन्दु प्राशन खुवाउने कार्यक्रम सञ्चालन



परासी । पश्चिम नवलपरासीमा बालबालिकाको लागि स्वर्णबिन्दु प्राशन खुवाउने कार्यक्रम सञ्चालन हुने भएको छ । नवलपरासी आयुर्वेद स्वास्थ्य केन्द्र परासीले बालबालिकाको लागि स्वर्णबिन्दु प्राशन खुवाउने कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

बालबालिकाको रोग प्रतिरोध क्षमता वृद्धि गर्न शारीरिक तथा मानसिक रुपमा सक्षम र सवाल नागरिक उत्पादन गर्न बाल्य कालदेखि नै रोग तथा नसर्ने रोगहरुको जोखिमबाट बच्चाउने उद्देश्यले यही मंसिर २२ गतेदेखि बालबालिकाको लागि स्वर्णबिन्दु प्राशन खुवाउने कार्यक्रम सञ्चालन गर्न लागिएको नवलपरासी आयुर्वेद स्वास्थ्य केन्द्र परासीकी प्रमुख डा.अर्चना शुक्लाले जानकारी दिइन् ।

उनको अनुसार १ वर्षदेखि ५ सम्म बालबालिकालाई बिहान ७ बजेदेखि १० बजेसम्म कार्यालयमा स्वर्णबिन्दु प्राशन खुवाउने बताइन् । पुस महिनाको २१ गते माघ महिनाको १८ गते फाल्गुन महिनाको १७ गते र चैत्र महिनाको १४ बालबालिकाहरुलाई स्वर्णबिन्दु प्राशन खुवाउने कार्यक्रम तय गरिएको डा.शुक्लाले बताइन् । त्यस्तै २०८३ साल बैशाख महिनाको १० गते, जेठ महिनाको ६ गते र असार महिनाको ३ गते बालकालिकाहरुलाई स्वर्णबिन्दु प्राशन खुवाउने कार्यक्रम रहेको डा.शुक्लाले जानकारी दिइन् ।

बालबालिकाहरुलाई ज्वरो अजीर्ण, झाडापखाला र रुघाखोकी लागेको अवस्थामा स्वर्ण प्राशन सेवन गराउन नहुने आयुर्वेदयका वरिष्ठ कविराज विष्णु पौडेलले जानकारी दिए । उनले स्वर्णभ्रष्म मह र ब्राही घृत औषधि सामग्री मिश्रण तयार गरिएको स्वर्ण प्राशन खुवाउने कार्यक्रम रहेको बताए ।

# कालोसूचीमा धेरै व्यक्ति पर्नु चिन्ताको विषय : अर्थमन्त्री



बुटवल । अर्थमन्त्री रामेश्वर खनालले कालोसूचीमा धेरै व्यक्ति पर्नु चिन्ताको विषय रहेको बताएका छन् । बुधबार राष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै उनले कुनै पनि देशका धेरै नागरिकहरू कालोसूचीमा पर्नु राम्रो नभएको बताए ।

उनकाअनुसार धेरै मानिसहरू कालोसूचीमा नपर्ने हो भने धेरै कर्जा प्रवाह हुने स्थिति आउन सक्छ । अर्थमन्त्री खनालले तरलता बढी हुनुमा ग्रामीण क्षेत्रमा जाने, विपन्न वर्गले पाउने र प्राथमिकता प्राप्त क्षेत्रमा जाने कर्जा प्रवाह हुन नसक्नु रहेको बताए ।

# मधेशमा नयाँ सरकार गठनका लागि आह्वान



बुटवल । मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि आह्वान भएको छ । प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले संविधानको धारा १६८ को उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई दाबी पेश गर्न आह्वान गरेका छन् ।

आगामी शुक्रबार साँझ ५ बजेसम्म दाबी पेश गर्न समय सीमा तोकिएको छ । संविधानको धारा १६८ को उपधारा ३ बमोजिम ठूलो दलको हैसियतमा गठन भएको नेकपा एमाले संसदीय दलको नेता सरोजकुमार यादव नेतृत्वको सरकारले राजीनामा दिएपछि नयाँ सरकार गठनको लागि आह्वान गरिएको हो ।

गत २४ कात्तिकमा बर्दिबासको पानस होटेलमा शपथ लिएर मुख्यमन्त्री बनेका यादवले २२ दिनमै राजीनामा दिएका हुन् । सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिनु भन्ने सर्वोच्च अदालतको परमादेशपश्चात् डाकिएको प्रदेशसभा बैठकमा विश्वासको मत नपाउने निश्चित भएपछि यादवले बुधबार राजीनामा घोषणा गरेका हुन् ।

# कन्सल्टेन्सीको प्रचारमा नाम र फोटो प्रयोग नगर्न डाक्टरहरुलाई चेतावनी

बुटवल । मेडिकल काउन्सिलमा दार्तावाला चिकित्सकले कन्सल्टेन्सीको व्यापारिक प्रचारप्रसार प्रयोजनमा आफ्नो नाम, फोटो र शैक्षिक उपाधि प्रयोग गर्न थालेपछि नेपाल मेडिकल काउन्सिलले चिकित्सकलाई चेतावनी दिएको छ ।

काउन्सिलले चिकित्सकको परिचयलाई व्यवसायिक प्रयोजनमा प्रयोग गर्नु पेशागत आचारसंहिताविपरीत हुने स्पष्ट पार्दै यस्तो क्रियाकलाप तत्काल रोक्न आग्रह गरेको हो ।

काउन्सिलका रजिष्ट्रार डा. सतिशकुमार देवद्वारा जारी विज्ञप्तिमा भनिएको छ-'कुनै पनि चिकित्सकलाई कम्पनीको प्रचार गर्ने गरी बोर्ड, ब्यानर, पोस्टर, डिजिटल साइनबोर्ड वा ब्रान्डेड सामग्रीमा आफ्नो नाम-फोटो राख्न कानुनतः निषेध छ । यस्तो कार्य 'कोड अफ इथिक्स एण्ड प्रोफेसनल कन्डक्ट २०१७' विपरीत हुन्छ ।'

यस्ता गतिविधि जारी रहेमा 'कोड अफ इथिक्स एण्ड प्रोफेसनल कन्डक्ट २०१७' को बुँदा नं. ९ बमोजिम कारबाही गरिने काउन्सिलले जनाएको छ ।

# सामूहिक खेलकुद महोत्सव हुँदै




भैरहवा । 'स्थिरता र शान्तिका लागि खेलकुद' भन्ने नाराका साथ २२औं सामूहिक खेलकुद महोत्सव हुँदैछ ।

रुपन्देहीको दक्षिणी क्षेत्रमा अवस्थित निजी विद्यालयहरुको साझा संस्था सामूहिक विद्यालय परिवारको आयोजनामा अन्तर विद्यालय क्रिकेट, भलिबल र एथलेटिक्स प्रतियोगिता हुन लागेको हो ।

विद्यार्थीमा भएको अन्तरनिहित खेल प्रतिभाको प्रस्फुटन तथा बौद्धिक, शैक्षिक, सांस्कृतिक, खेलकुदलगायतका प्रतिष्पर्धात्मक क्रियाकलापको विकास गर्न विगतका वर्ष जस्तै प्रतियोगिता आयोजना गरिएको संस्थाका अध्यक्ष शमशाद इद्रिशीले बताए ।

शैक्षिक गतिविधिसँगै अतिरिक्त क्रियाकलापलाई बढावा दिँदै परिवारमा रहेका निजी विद्यालयहरुबिच आपसी सम्बन्ध कायम राख्दै विद्यार्थी, शिक्षक र अभिभावकमा पनि समबन्ध जोड्नका लागि प्रतियोगिताले भूमिका खेल्दै आएको छ । शिक्षाको साथै सामाजिक र खेलकुदमा पनि उत्तरदायित्व बहन गर्दै परिवारले विविध कार्यक्रमहरु गर्दै आएको छ ।

प्रतियोगिताको मुख्य उद्देश्य छात्र तथा छात्रालाई शारिरीक तथा मानसिक रुपमा स्वास्थ्य राख्नु तथा उनिहरुमा रहेको प्रतिभालाई बाहिर ल्याउने प्लेटफर्मको श्रृजना गर्नु रहेको अध्यक्ष इद्रिशीले बताए ।

२२औं सामूहिक खेलकुद महोत्सवअन्तर्गत मंसिर १९ गतेदेखि २२ गतेसम्म सिद्धार्थ रंगशालामा अन्तरविद्यालय सामूहिक क्रिकेट आयोजना हुँदैछ, छात्रातर्फ ८ र छात्रतर्फ १४ विद्यालयबिच सो प्रतियोगिता आयोजना हुँदैछ । यस्तै मंसिर २३ र २४ गते नेपाल नालन्दा स्कुलमा अन्तरविद्यालय सामुहिक भलिबल कप हुँदैछ । भलिबलमा छात्रातर्फ ११ र छात्रतर्फ १३ विद्यालयबिच प्रतिस्पर्धा हुनेछ । यस्तै एथलेटिक्सतर्फ पक्लिहवा कृषि क्याम्पसमा मंसिर २७, २८ २९ गते सामूहिक खेल महोत्सव हुँदैछ, जसमा परिवारका १८ वटै विद्यालयबिच प्रतिस्पर्धा हुने खेलकुद महोत्सवका संयोजक दिपक थापाले बताए ।

समूहमा आबद्ध १८ विद्यालयका एक हजार २ सय विद्यार्थीहरुबिच हुने खेल महोत्सव ३ तहमा विभाजन गरी प्रतियोगिता गराइने छ । कक्षा १देखि ३ सम्मको सबजुनियर, कक्षा ४ देखि ६ सम्मको जुनियर र कक्षा ७देखि १० सम्मका सिनियर गरी ३ तहमा हुने प्रतियोगितालाई छात्रा र छात्र गरी २ विधामा प्रतियोगिता गराइने संयोजक थापाले बताए । खेल महोत्सवमा ५० मिटरदेखि ८ सय मिटरसम्मका दौड, सय गुणे ४ रिले दौड, लङजम्प, सटपुट, भलिबल र क्रिकेट खेलहरु हुने आयोजकले जानकारी दिइएका छन् ।

महोत्सवमा सब जुनियर, जुनियर र सिनीयर तर्फबाट छात्र-छात्रा उत्कृष्ट टिम घोषित गरी पुरस्कृत गरिने र सबै तहको अंकका आधारमा सर्वोउत्कृष्ट टिम घोषित गरी विजेता गराइनेछ ।

विजयी खेलाडी, विद्यालयलाई तह गत र विधा अनुसार ४८/४८ वटा स्वर्ण, रजत कास्य पदक तथा उत्कृष्ट विद्यालय समूह तथा च्याम्पीयनलाई रनिङ सिल्ड, सिल्ड तथा प्रमाण पत्र प्रदान गरिनेछ ।

व्यवस्थित खेलमैदान नहुदा ३ फरक ठाउँमा प्रतियोगिता सामूहिक विद्यालय परिवारले २२औं खेलकुद महोत्सव सिद्धार्थनगरको ३ वटा मैदानमा गर्दैछ । सिद्धार्थनगर नगरपालिकामा मैदान भए पनि व्यवस्थित नभएकोले खेलकुदलगायतको ठूला कार्यक्रम अन्यत्र गर्नुपर्ने बाध्यता छ । खेल मैदानको अभावमा निश्चित ठाउँमा गराउनु पर्ने प्रतियोगिता फरक फरक ठाउँमा आयोजना गर्न लागेको हो ।

नगरपालिकाले मैदान बनाए पनि त्यो अहिले घासे मैदान भएको छ । नगरपलिकाले स्वयं वा अन्य निकायलाई संरक्षणको लागि दिए खेलहरु आयोजना गर्न सहज हुने संस्थाका सल्लाहकारहरुको भनाइ छ । साझा खेल मैदानको रुपमा सरोकारवाला निकायले ध्यान दिई यथासिघ्र प्रयोगमा ल्याउन जरुरी छ । सिद्धार्थनगर नगरपालिकाको खेल मैदान व्यवस्थापनका लागि सामूहिक विद्यालय परिवार तयारी छ । खेलका लागि मैदान अति महत्वपूर्ण भएकोले अरुको फिल्डको आशमा बस्नुभन्दा आफ्नै व्यवस्थित भए ३ ठाउँमा खेल आयोजना गर्नु पर्ने अवस्था नहुने परिवारको भनाइ छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com